नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, बानेश्वर

फोन नं. ४४८३६७२
४४८४६७१
फ्याक्स नं. ४४८५५४३
E-mail:iro-baneshwar@ird.gov.np
Web: http://www.ird.gov.np
देवकोटा मार्ग, नयाँ बानेश्वर

प.सं.: २०७५।०७६

च.नं. :

मिति : २०७६।०२।०३

प्रेस विज्ञप्ति ।

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री नेपाल स्याटेलाईट टेलिकम प्रा.लि. (स्थायी लेखा नम्बर ३०१९५४६८८) को आ.व. २०६८/०६९ मा ७५ प्रतिशत निहित स्वामित्व साईप्रसस्थित एयरवेल सर्भिसेज लि. मार्फत टेलियासोनेरा (TeliaSonera) कम्पनीलाई रू. ५,७१,००,००,०००।०० मा निसर्ग भएकोमा उक्त निसर्गमा हुन गएको पूंजीगत लाभ रू. ५,६३,५०,००,०००।०० मा आयकर ऐन, २०५८ बमोजिम असुल हुनु पर्ने पच्चीस प्रतिशत पूंजिगत लाभ कर रू. १,४०,८७,५०,०००।०० दाखिला भएको नदेखिएको हुंदा उक्त कर रकम तथा सो कर रकममा दफा १२०(ख) बमोजिम शतप्रतिशत शुल्क तथा दफा ११८ र दफा ११९ बमोजिमको ब्याज समेत गणना गर्दा हुन आउने रकम रू. ४,३१,९५,७९,६८८।०० **(अक्षरेपी चार अर्ब एकतीस करोड पञ्चान्नब्बे लाख उनान्असी हजार छ सय अठासी मात्र)** त्यस प्रा.लि.बाट असुल गर्नु पर्ने देखिएकाले सो वमोजिम गर्नु नपर्ने कुनै ठोस सवुत प्रमाण भए पत्र प्राप्त भएको मितिले १५(पन्ध्र) दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) वमोजिमको सूचना मिति २०७६।०१।११ मा जारी गरिएको थियो ।

उपरोक्त बमोजिमको सूचना करदाताको विद्युतीय ठेगानामा मिति २०७६।०१।१२ मा पठाईएको र करदाताका प्रतिनिधिले मिति २०७६।०१।१६ मा बुझि लिई मिति २०७६।०१।२७ मा यस कार्यालयमा सोको जवाफ दर्ता भएको थियो । कार्यालयबाट उक्त जवाफ समेतलाई मध्यनजर गरी कर निर्धारण गर्नुपर्ने गरी मिति २०७६।०१।३१ मा निर्णय गरी आयकर ऐन, २०५८ को दफा १०२ बमोजिम कर निर्धारण आदेश जारी गरी मिति २०७६।०२।०१ मा त्यस प्रा.लि.मा बुझाउन पठाईएकोमा कम्पनीबाट बुझ्न अस्वीकार गरी पत्र फिर्ता भएकोले प्रा.लि.को विद्युतीय ठेगाना (E-mail Address) मा र हुलाकमार्फत समेत पठाईसकिएको व्यहोरा यसै विज्ञप्तिमार्फत सार्वजनिक गरिएको छ ।